# अमूर्त सांस्कृतिक सम्पदाको पहिचान एवं विवरण सूचीकरण






अमूर्त साँस्कृतिक सम्पदा

संयुक्त राष्ट्र संघीय
शैक्षिक, वैज्ञानिक तथा
सांस्कृतिक संगठन

अमूर्त
सांस्कृतिक
सम्पदा

# पहिचान एवं



*इक्वेडर र पेरुका जपरा समुदायको मौखिक एवं साँस्कृतिक प्रस्तुति*


फोटो ©टि फनान्डेज


फोटो © मिनिस्टेरियो द कल्चुरा वाइ डिपोर्टस / GMA PRO

अमूर्त सांस्कृतिक सम्पदा संरक्षण महासन्धिले अमूर्त सांस्कृतिक सम्पदालाई "प्रचलनहरू, प्रतिनिधित्वहरू, अभिव्यक्तिहरू, ज्ञान, सिपहरू साथसाथै साधनहरू, वस्तुहरू, कलावस्तुहरू र त्यससंग जोडिएका सांस्कृतिक स्थलहरू, जसलाई ती समुदायहरू, समुहहरू तथा कतिपय अवस्थामा व्यक्तिहरूले तिनीहरूको सांस्कृतिक सम्पदाको अंशको रूपमा मान्यता दिएका हुन्छन्, लाई बुझ्नु पर्दछ" भनेर परिभाषित गरेको छ । अमूर्त सांस्कृतिक सम्पदा, एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै, समुदायहरू एवं समुहहरूद्वारा तिनीहरूको वातावरण, प्रकृति तथा तिनको इतिहाससँगको पारस्परिक क्रियाको प्रत्युत्तरमा निरन्तररूपमा पुनरूत्पादन हुन्छ, तथा तिनीहरूलाई परिचय र निरन्तरताको एउटा अनुभूति प्रदान गर्दछ, यसरी सांस्कृतिक विविधता तथा मानव सिर्जनशीलताप्रतिको सम्मानलाई प्रवर्द्धन गर्दछ ।

# विवरण सूचीकरण


फोटो © अहमद बेन इस्माइल


फोटो ©मिला सान्टोभा

*रविनल अची नृत्य एवं नाट्य परम्परा, ग्वाटेमाला*

*जमा-एल-फना स्क्वायरको साँस्कृतिक स्थल, मोरक्को*

*बुल्गेरियाको शोपलौकमा प्राचीन विस्तृस्ता व्यावी बहुध्वनीयुक्त संगीतमा गरिने नृत्य एवं संस्कारविधि*

फोटो ©देनिस कोथियर-Fotolia.com

सांस्कृतिक सम्पदाले धेरै रूप लिन्छन् । यसलाई तल उल्लेख गरेका सहित धेरै विधा/विषयमा अभिव्यक्त गर्न सकिन्छ, भनेर महासन्धिले व्याख्या गरेको छ तर तिनमा मात्रै सिमित गरिएको भने छैनः

**क. अमूर्त सांस्कृतिक सम्पदाको संवाहकको रूपमा भाषा सहितका मौखिक परम्पराहरू तथा अभिव्यक्तिहरू;**

**ख. प्रस्तुति कलाहरू;**

**ग. सामाजिक प्रचलनहरू, अनुष्ठानहरू तथा चाडपर्व, उत्सवहरू;**

**घ. प्रकृति र ब्रम्हाण्डसंग सम्बन्धित ज्ञान तथा प्रचलनहरू;**

**ङ. परम्परागत शिल्पकारिता ।**

अमूर्त सांस्कृतिक सम्पदाका धेरै तत्वहरू एक वा सो भन्दा बढी विधासंग सम्बन्धित हुन सक्छन् भन्ने बारेमा यसले केही पनि भनेको छैन ।

महासन्धिको मुख्य उद्देश्य यस्ता सम्पदाको संरक्षण गर्नु, यसको निमित्त आदरको सुनिश्चित पार्नु, यसको महत्वका बारेमा जनचेतना जगाउनु एवं ती क्षेत्रमा अर्न्तराष्ट्रिय सहयोग एवं सहायता उपलब्ध गराउनु हो । यो महासन्धि अनुमोदन गर्ने देशहरूलाई पक्षराज्यहरू भनिन्छ । उसको भू-भागभित्र रहेका अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण गर्नु पक्षराज्यहरूको दायित्व हुन्छ । महासन्धिले अन्तर्राष्ट्रिय स्तरमा दुई प्रकारका सूचीहरूको स्थापना गरेको छ - 'तत्काल संरक्षण गर्नुपर्ने अमूर्त सांस्कृतिक सम्पदा सूची' र 'मानवताका प्रतिनिधिमूलक अमूर्त सांस्कृतिक सम्पदासूची' । यी सूचीहरूको उद्देश्य मानव सिर्जनशीलता एवं सांस्कृतिक विविधताका प्रतिनिधिमूलक अमूर्त सांस्कृतिक सम्पदाका तत्वहरू एवं खासगरी तत्काल संरक्षण गर्नुपर्ने सम्पदाहरू प्रति ध्यानाकर्षण गराउनु हो ।

महासन्धिले अमूर्त सांस्कृतिक सम्पदाको संरक्षणमा समुदायहरू एवं समुहहरूको भूमिकालाई जोड दिएको छ । यसले उत्पादनलाईभन्दा बढी प्रक्रियाहरू एवं परिस्थितिहरूसंग सरोकार राखेको छ । यसले प्राय समुहगत रूपमा मानिसहरूले प्रदर्शित गर्ने एवं जीवन्त अनुभवबाट संञ्चार गरिने जीवन्त सम्पदामा जोड दिएको छ । यसले त्यस्ता सम्पदालाई ध्यान दिन्छ, जसलाई समुदाय स्वयंमले महत्वपूर्ण ठानेको छ र सिर्जनशीलता एवं विविधता प्रवर्द्धनका लागि योगदान दिने प्रयास गर्दछन् । त्यस्तै यसले समुदायहरू, समुहहरू र समग्रमा समाजको कल्याणमा योगदान पुऱ्याउने सम्पदालाई ध्यान दिन्छ ।

**स्थिर पारेर नराखी संरक्षण गर्ने**

सांस्कृतिक सम्पदालाई जीवन्त राख्न, यो यसको समुदायसंग सम्बन्धित एवं निरन्तर क्रियान्वित गरेर एक पछि अर्को पुस्तामा हस्तान्तरण भईरहेको हुनुपर्दछ । अमूर्त सांस्कृतिक सम्पदाका कुनै निश्चित तत्वहरू सहयोगको अभावमा लोप हुनसक्ने खतरा हुन्छ तर संरक्षणको मतलव सांस्कृतिक सम्पदालाई स्थिर पारेर राख्ने अथवा तिनका केही शुद्ध अथवा पुरातन प्रकारलाई संरक्षण गर्नु मात्र होइन । अमूर्त सांस्कृतिक सम्पदा संरक्षण भनेको ज्ञान, सिप एवं अर्थको हस्तान्तरण हुनु हो । महासन्धिले ठोस अभिव्यक्तिहरू जस्तो नृत्यहरू, गीतहरू, वाद्यवादनका उपकरणहरू अथवा शिल्प/कालिगढीको उत्पादनमाभन्दा सम्पदालाई एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरणलाई जोड दिएको छ । त्यसकारण कुनै संरक्षणका उपायहरूले अमूर्त सांस्कृतिक सम्पदाको निरन्तर विकास, व्याख्याकासाथै भावी पुस्तालाई हस्तान्तरणको निमित्त आवश्यक विविध मूर्त वा अमूर्त एवं भिन्नभिन्न अवस्थाको सामर्थ्यता तथा मजबूतीकरण गर्ने कार्यलाई समेत संकेत गर्दछ ।

मूर्त सम्पदा (प्राकृतिक एवं सांस्कृतिक) संरक्षणका उपायहरूभन्दा अर्को पुस्तामा हस्तान्तरणको सुनिश्चित गर्नुपर्ने अमूर्त सांस्कृतिक सम्पदा संरक्षणका उपायहरू निश्चितरूपमा भिन्न हुन्छन् । यद्यपि मूर्त सांस्कृतिक सम्पदाका केही तत्वहरू अमूर्त सांस्कृतिक सम्पदासंग जोडिएका हुन्छन् । त्यसकारण महासन्धिले अमूर्त सांस्कृतिक सम्पदाको परिभाषामा यससंग सम्बद्ध उपकरणहरू, वस्तुहरू, कलावस्तुहरू एवं सांस्कृतिक स्थानहरूलाई समेत समावेश गरेको छ ।

के यसको तात्पर्य जसरी भएपनि अमूर्त सांस्कृतिक सम्पदा संरक्षण अथवा पुनर्जीवन्त तुल्याउनु पर्दछ भन्ने हो ? जसरी कुनै जीवन्त शरीर जीवनचक्रको अनुशरण गर्दछ र अभिव्यक्तिहरूका नयाँ तत्वहरूको जन्म दिएपछि केही तत्वहरू लोप हुन सक्छन् । अमूर्त सांस्कृतिक सम्पदाका केही निश्चित प्रकारहरू, त्यसको आर्थिक महत्व छँदाछदै पनि समुदाय स्वयंमका निमित्त अरू सान्दर्भिक अथवा अर्थपूर्ण नहुन सक्छन् । महासन्धिले संकेत गरेजस्तै समुदाय स्वयंमले उनिहरूको अमूर्त सांस्कृतिक सम्पदा हो भनेर मान्यता दिएका, जसले उनिहरूको पहिचान दिन्छ र निरन्तरता दिन्छ, त्यस्तालाई मात्र संरक्षण गर्नुपर्दछ । महासन्धिले समुदायहरूले स्वीकारेका विशेष प्रचलनहरू, प्रतिनिधित्वहरू, अभिव्यक्तिहरू, ज्ञान, सिपका औपचारिक, अझ प्रायः अनौपचारिक प्रक्रियाहरू, एवं यदि सान्दर्भिक छ भने, सम्बद्ध उपकरणहरू, वस्तुहरू, कलावस्तुहरू एवं सांस्कृतिक स्थानहरू जो उनीहरूको सांस्कृतिक सम्पदाको हिस्सा हुन सक्दछन्, लाई पहिचान एवं चिनारी हो भनेर औंल्याएको छ ।

संरक्षणका उपायहरूको विकास एवं कार्यान्वयन समुदाय स्वयंमको सहमति एवं संलग्नतामा गर्नुपर्दछ । कतिपय अवस्थामा समुदायको सम्पदा संरक्षणमा सर्वसाधारणको हस्तक्षेप अनुपयुक्त हुन्छ । यसले समुदायको निमित्त महत्व राख्ने सम्पदाको महत्वलाई गलत ढङ्गले अर्थ्याउन सक्छ । संरक्षणका उपायहरूले परम्परादेखि चल्दै आएका प्रचलनहरू, यस्ता सम्पदाका विशेष पक्षहरूमा प्रवेश सम्बन्धी व्यवस्थाको सँधै अवश्य आदर गर्नुपर्दछ, उदाहरणका लागि धार्मिक अमूर्त सांस्कृतिक सम्पदाका प्रस्तुतिहरू अथवा त्यस्ता कार्य जसलाई गोप्य भनेर मानिन्छ ।

**विवरणसूचीहरू : संरक्षणका लागि पहिचान**

महासन्धि एउटा अनुमति दिने दस्तावेज हो । यसका अधिकांश धाराहरूमा यसको कार्यान्वयनमा सरकारहरूलाई लचकताको अनुमति दिँदै निर्देशनात्मक भाषाका शब्दावली प्रयोग भएकाछन् । यद्यपि महासन्धि र यसको कायसञ्चालन निर्देशिकामा विवरणसूचीहरू बनाउनुपर्ने राज्यहरूको विशेष दायित्वहरू मध्ये एक हो भनेर उल्लेख भएको छ ।

विवरणसूचीहरू अमूर्त सांस्कृतिक सम्पदा संरक्षणका अभिन्न अङ्ग हुन् । किनभने यिनले अमूर्त सांस्कृतिक सम्पदाको बारेमा जनचेतना जगाउन सक्दछन् एवं व्यक्ति र सामुहिक पहिचानको निमित्त महत्व राख्दछन् । विवरणसूची बनाउने प्रक्रिया एवं त्यस्ता विवरणसूचीमा सर्वसाधारणको पहुँचले अमूर्त सांस्कृतिक सम्पदाका अभिव्यक्तिहरू एवं प्रचलनहरू उत्पत्ति भएका ठाउँका समुदायहरू तथा व्यक्तिहरूको सिर्जनशीलता एवं आत्मसम्मानलाई प्रोत्साहन गर्दछ । विवरणसूचीहरूले सम्बन्धित अमूर्त सांस्कृतिक सम्पदाको संरक्षणका लागि ठोस योजना बनाउन आधार उपलब्ध गराउन सक्छन् ।

महासन्धिको धारा ११ अनुसार प्रत्येक पक्षराज्यले उसको भू-भागभित्रका अमूर्त सांस्कृतिक सम्पदाको संरक्षणको सुनिश्चित गर्न आवश्यक उपायहरू अवलम्बन गर्नु पर्दछ । अमूर्त सांस्कृतिक सम्पदाका तत्वहरूको पहिचान एवं परिभाषित गर्न सम्बन्धित समुदायहरू, समुहहरू एवं सम्बद्ध गैरसरकारी संस्थाहरूलाई सहभागी गराउनु पर्दछ । अमूर्त सांस्कृतिक सम्पदाका ज्यादै विशेष तत्वहरूको तिनीहरूको आफ्नै सन्दर्भमा एवं अर्कोसंग







*↑↑↑ जमा-एल-फना स्क्वायरको साँस्कृतिक स्थल, मोरक्को*

*↑↑ एल्चीको रहस्यमय नाटक, स्पेन*

*↑ बोसम जिल्लाको साँस्कृतिक स्थल, उज्वेकिस्तान*

*→ टक्वाइल र त्यहाँको धागोसम्बन्धी कला, पेरू*


फोटो ©युनेस्को / जेन राइट


फोटो © जैम ब्रोटन्स


फोटो © उजबेकिस्तान नेशनल कमिशन


फोटो © राष्ट्रिय साँस्कृतिक संस्थान / दनी विलाफुर्ते

छुट्याउने गरी एक वा बढी निश्चित तत्वहरू वर्णन गर्नु नै पहिचान प्रकृया हो । पहिचान गर्ने र परिभाषित गर्ने प्रकृयाले विवरणसूचीको नेतृत्व गर्नुपर्दछ । संरक्षण गर्ने कुरालाई दृष्टिगत गरी विवरणसूची तयार गर्नु पर्दछ । विवरणसूची एउटा सारांश अभ्यास होइन बरू एउटा औजार हो । त्यसकारण यदि निश्चित संख्याका अमूर्त सांस्कृतिक सम्पदातत्वहरूको पहिले नै पहिचान गरिसकिएको छ भने राज्यले त्यस्ता तत्वहरूको संरक्षण योजनाहरूको कार्यान्वयन गर्ने कार्यहरूको सुरूवात गर्ने निर्णय गर्न सक्दछ ।

राज्यहरू विवरणसूची तयार गर्न विभिन्न तरिका अवलम्बन गर्न सक्छन् । पक्षराज्यहरू उसको भू-भागभित्रका अमूर्त सम्पदाहरूको एक वा बढी विवरणसूचीहरू सिर्जना गर्न उत्तरदायी हुन्छन् र तिनलाई निरन्तर रूपमा अद्यावधिक गरिरहनुपर्दछ (धारा १२) । जबकि महासन्धिका अरू धारा भन्दा धारा ११ र १२ ज्यादा निर्देशात्मक छन् । राज्यहरू आफ्नो तरिकाले विवरणसूचीहरू सिर्जना गर्न स्वतन्त्र हुनेछन् । महासन्धिले पक्षराज्यलाई उसको विवरणसूचीहरू कसरी बनाउने भनेर निश्चित गर्न पर्याप्त लचकता उपलब्ध गराएको छ । यद्यपि संरक्षण उपायहरूलाई व्यवहारमा उतार्न अमूर्त सम्पदातत्वहरूलाई विवरणसूचीहरूमा राम्रोसँग परिभाषित गरिएको हुनुपर्दछ ।

धेरै राज्यपक्षहरू धेरै वर्ष अगाडीदेखि विवरणसूची बनाउने कार्यहरू गरिरहेका भएपनि यो महासन्धि अनुमोदन गर्नु भन्दा पहिले तयार गरिएका विवरणसूचीहरूको अपेक्षा गरिदैन । विवरणसूची बनाउने कार्य कहिल्यै पूर्ण हुँदैन, किनकी विवरणसूचीहरूको विकास एवं अद्यावधिक कार्य निरन्तर चलिरहने प्रकृया भएकाले यस्ता सूचीहरू अमिल्दा हुन्छन् । महासन्धिको लागि मनोनयन सूची फाइल गर्न एवं सहायता प्राप्त गर्न एउटा पूर्ण विवरणसूची हुनु आवश्यक पर्दैन । यद्यपि महासन्धिको कार्यान्वयन गर्ने कार्यान्वयन निर्देशिकाहरूले प्रतिनिधिमूलक सूची वा अन्यन्त जरूरी संरक्षण आवश्यक सूचीमा सूचीकृतको निमित्त मनोनयनको लागि प्रस्तावित तत्व उसको राज्यभित्र रहेका अमूर्त सांस्कृतिक सम्पदाको विवरण सूचीमा समावेश भएको कुरा राज्य पक्षले सिद्ध गर्नुपर्ने कुरालाई आवश्यक बनाएको छ ।

राज्यहरूबीचमा जनसंख्या, भू-भागहरू एवं अमूर्त सांस्कृतिक सम्पदाहरू फैल्यावटको सम्बन्धमा धेरै भिन्नताहरू छन् । साथै तिनीहरूको राजनैतिक एवं प्रशासनिक संरचनामा पनि ठूलो विविधता छ । महासन्धिले पक्षराज्यहरूलाई तिनीहरूको परिस्थिति, राष्ट्रिय एवं स्थानीय अवस्थाहरूलाई समेत मध्यनजर गर्दै आफ्नो अनुकूलको विवरणसूचीहरू बनाउने धेरै स्वतन्त्रता दिएको छ ।

महासन्धिमा उल्लेख गरिएका संरक्षणका उपायहरूमध्ये अनुसन्धान एवं डकुमेन्टेसन कार्य पहिलो रणनीतिहरूमा पर्दछन् । त्यहाँ के छ ? कसले के गर्दछ ? उनीहरूले यो किन गर्ने ? भनेर बुझ्ने कुरालाई पनि राज्यले मध्यनजर गर्नेछ । यस कार्यको समन्वय गर्न राज्यले सम्बद्ध संस्थाहरू, अनुसन्धानकर्ताहरू, समुदायका प्रतिनिधिहरू समावेश भएको राष्ट्रिय अमूर्त सांस्कृतिक सम्पदा समिति गठन गर्नसक्छ । यसले समुदायका सदस्यहरू एवं अनुसन्धानकर्ताहरूवीच सहजकर्ताको कार्य पनि गर्नेछ ।

राज्यहरू धेरै कुरालाई समेटेको एउटै विवरणसूची बनाउने अथवा ज्यादै सिमित गरेर स-साना विवरणसूचीहरू बनाउने भनेर छान्न स्वतन्त्र हुनेछन् । त्यसकारण महासन्धि एवं कार्यसञ्चालन निर्देशिकाहरूले राष्ट्रिय विवरणसूची भनेर भनेका छैनन्, यसको साटो एक वा बढी विवरणसूचीहरू भनेर उल्लेख गरेका छन् । यस प्रकार राज्यलाई सबै विधा अथवा सबै समुदायलाई एउटै पद्धतिमा समावेश गर्न दवाव दिएको छैन । तिनीहरू विद्यमान रजिष्टर एवं सूचीपत्रलाई पनि समायोजन गर्न सक्छन् । खासगरी संघीय राज्यहरूमा बहुविवरणसूचीहरूको पद्धति हुन सक्छ, जहाँ संस्कृति सम्बन्धी दायित्व केन्द्रीय सरकारको कार्यक्षेत्रभन्दा बाहिर हुन्छ, यस्तो अवस्थामा प्रान्तहरूले आफ्नै सूचीहरू बनाउन सक्छन् ।

**परम्परावाहक एवं अभ्यासकर्ताहरूको संलग्नता**

राज्यपक्षलाई अमूर्त सांस्कृतिक सम्पदाको विवरणसूची बनाउने स्वतन्त्रता दिएर पनि महासन्धिले राज्यलाई विभिन्न कुराहरू गर्न बाध्य पारेको छ । यस सम्बन्धमा सबैभन्दा महत्वपूर्ण कुरा समुदायको संलग्नताको आवश्यकता हो ।

अमूर्त सांस्कृतिक सम्पदाको सिर्जना गर्न र यसलाई जीवन्त राख्ने समुदायहरू नै भएकाले संरक्षणमा उनीहरूको विशेषाधिकार रहन्छ । समुदायहरू जसले अमूर्त सांस्कृतिक सम्पदालाई व्यवहारमा अभ्यास गर्दछन् ।

तसर्थ यसको पहिचान र संरक्षणमा अरूको भन्दा उनीहरूले अधिक उपयुक्त स्थान राख्दछन् । त्यसकारण जब विवरणसूची बनाउने कार्यको माध्यमबाट अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण र पहिचान कार्यमा उनीहरू संलग्न हुनुपर्दछ । महासन्धिको अमूर्त सांस्कृतिक सम्पदाको परिभाषाले हामीहरूलाई स्मरण गराउँदछ कि यो अवश्य पनि सम्बन्धित समुदायहरू, समूहहरू एवं व्यक्तिहरूले पहिचान गरेको हुनुपर्दछ । उनीहरूको मान्यताबिना कसैले पनि यो उनीहरूको सम्पदा हो भनेर निर्णय गर्न सक्दैन । त्यसकारण स्वभाविक हो कि जसको सम्पदाको पहिचान तथा परिभाषित गर्नुछ ती समुहहरू एवं व्यक्तिहरूको संलग्नताबिना विवरणसूची तयार गर्ने कार्य हुन सक्दैन । कहिलेकाही समुदायहरूलाई यो कार्य गर्नसक्ने अधिकार वा साधनश्रोत नहुन सक्छ । यस्तो अवस्थामा राज्य एवं संघ संस्थाहरूले उनीहरूको जीवन्त सम्पदाको विवरणसूची बनाउन मद्दत गर्न सक्छन् ।

डकुमेन्टेसनमा मूर्त आकारमा अमूर्त सांस्कृतिक सम्पदाहरूको रेकर्डिङ गर्ने कार्यहरू पनि पर्दछन्, यसमा वर्तमान अवस्था एवं सम्बद्ध संङ्कलित डकुमेन्ट समावेश हुन्छ । डकुमेन्टेसन कार्यमा प्राय रेकर्डिङका विविध कुराहरूको एवं ढाँचाहरूको प्रयोग हुन्छन् । यसरी संङ्कलन गरिएका डकुमेन्टहरू पुस्तकालयहरूमा, अभिलेखालयहरूमा, वेबसाइटहरूमा संरक्षण गरी राखिन्छ । जहाँ सम्बन्धित समुदायहरू एवं सर्वसाधारणले अध्ययन गर्न सक्नेछन् । तर समुदायहरु एवं समूहहरूसंग पनि डकुमेन्टेसनका परम्परागत प्रकारका जस्तो गीत, पुस्तिकाहरू अथवा धार्मिक ग्रन्थहरू, बुनाईसम्बन्धी नमूनाहरू, प्रतिमा एवं प्रतिबिम्बहरू जसले अमूर्त सांस्कृतिक सम्पदाका अभिव्यक्तिहरू एवं ज्ञानको रेकर्डिङ स्थापित गर्दछन् । नयाँ कुरा सिक्ने समुदाय आफ्नो डकुमेन्टेसनका प्रयासहरू एवं कार्यक्रमहरू सिर्जनशीलतालाई निरन्तरता दिन अभिलेखीय डकुमेन्टको प्रचारप्रसार गर्ने कार्यहरू केही प्रमाणित संरक्षण रणनीतिहरू बढ्दो रूपमा प्रयोग भइरहेका छन् ।

धारा १३(घ)(॥) ले जोडदिएको छ की राज्यहरूले अमूर्त सांस्कृतिक सम्पदामा प्रवेश उपलब्ध गराउँदा परम्परागत रूपमा चलिआएका प्रचलनहरूलाई मध्यनजर गर्नु पर्दछ । केही सन्दर्भमा यसको तात्पर्य अमूर्त सांस्कृतिक सम्पदाका निश्चित प्रकारहरूको विवरण लिनु हुँदैन । त्यस्तै समुदायहरूले पहिले नै



फोटो © Subdirección de Etnografía, Museo Nacional de Antropología



फोटो © मेरी एस् फोनुवा



फोटो © जेम ब्रोटन्स

↑↑↑ *मेक्सिकोका आदिवासी समुदायले मृतकका नाममा समर्पण गर्ने पर्व*

↑↑ *लकलका, टोंगामा नृत्य र गायनका माध्यमबाट गरिने भाषण*

↑ *एल्चीको रहस्यमय नाटक, स्पेन*

विवरणसूचीमा समावेश भईसकेका केही अमूर्त सांस्कृतिक सम्पदालाई निश्चित प्रतिबन्ध लगाएर मात्र सार्वजनिक गर्नुपर्दछ । विवरणसूचीहरूमा संवेदनशीलताका विषयमा विस्तृत डकुमेन्टेसन रेकर्ड गर्नुभन्दा निश्चित ज्ञानको संरक्षक को हो भनेर निश्चित गर्न सक्दछन् । अमूर्त सांस्कृतिक सम्पदातत्वको सूचना विवरणसूचीमा उपलब्ध गराउँदा उक्त तत्वसम्मको प्रवेश सजिलो बनाउँछ । महासन्धिको आशय अनुसार समुदायहरू जो अमूर्त सांस्कृतिक सम्पदाको कुनै तत्व विवरणसूचीमा समावेश गर्न मान्दैनन् भने त्यसको अवश्य आदर गर्नु पर्दछ ।

केही राज्यहरूले पहिले नै अमूर्त सांस्कृतिक सम्पदा संरक्षक समुदायहरूलाई गहनतापूर्वक संलग्न गराएका छन् तर महासन्धिको समुदायलाई सहभागी गराउनु पर्ने प्रावधानलाई धेरै विवरणसूची बनाउने योजनाहरूले मध्यनजर गरेका छैनन् । तिनीहरू प्राय समुदाय बाहिरका विभिन्न संघसंस्थाहरू एवं व्यक्तिहरूले बनाएका छन् । प्राय महासन्धिले आवश्यक ठानेको अमूर्त सांस्कृतिक सम्पदाको जीवन्ततालाई सुनिश्चित गर्नुपर्ने उद्देश्यका साथ सिर्जना भएका छैनन् ।

पक्षराज्यहरू विवरणसूची निर्माण गर्ने प्रकृयाको निमित्त समुदायहरूलाई सहभागी बनाउने उपयुक्त संस्थागत व्यवस्थापन गर्न उत्तरदायी हुन्छन् । यस्तो व्यवस्थापनमा सम्बन्धित विद्यमान कानून, संस्थाहरू एवं परम्परागत संरक्षण पद्धतिहरूको मूल्याङ्कनको निमित्त र साथै उत्तम प्रचलनहरू एवं सुधार गर्नुपर्ने क्षेत्रहरू पहिचान गर्नका लागि अन्तर विभागीय प्रशासनिक संरचनाहरू स्थापना गर्ने कार्य समावेश हुन सक्छ । यस्ता संरचनाहरू अमूर्त सांस्कृतिक सम्पदाको महत्वकाबारेमा जनचेतना जगाउन प्रयास गर्ने एवं यसको विवरणसूची बनाउने र संरक्षणमा जनसहभागीता प्रोत्साहन गर्ने कार्यको प्रमुख हुनसक्छन् । यस्ता प्रशासनिक संरचनाले आवश्यकतानुसार विवरणसूची बनाइएका अमूर्त सांस्कृतिक सम्पदाको संरक्षणका उपयुक्त उपायहरू अवलम्बन गर्नुपर्दछ । पक्षराज्यहरू कार्यान्वयनकर्ताहरू, अरू परम्परागत अभिभावकहरू अनुसन्धानदाताहरू, गैरसरकारी संस्थाहरू, नागरिक समाज, स्थानीय प्रतिनिधिहरू, सांस्कृतिक अभियानकर्ताहरू आदिलाई समावेश गरी एउटा सल्लाहकार अथवा परामर्श निकायको स्थापना गर्न सक्दछन् । अमूर्त सांस्कृतिक सम्पदाको विवरणसूची तयार गर्ने पद्धति एवं सम्बद्ध सरोकारवालाहरूको पहिचान तथा यस प्रक्रियामा तिनीहरूको संलग्नता

विभिन्न तहमा गराउन सकिन्छ । विवरणसूचीको संभाव्य परिणाममा सरोकारवालाहरू र चलिआएका प्रचलनहरूबीचको नैतिक सम्बन्ध सुनिश्चित गर्ने कार्यविधिहरू एवं अमूर्त सांस्कृतिक सम्पदामा प्रवेशसम्बन्धि कुराहरूको समेत पहिचान गर्नुपर्दछ ।

विवरणसूची तयार गर्ने कार्य स्थानीय समुदायहरूका साथसाथै सरकारहरू एवं गैरसरकारी संस्थाहरूको संलग्नता भएको माथिबाट तल एवं तलबाट माथि जाने प्रकृयाको हुनुपर्दछ । पक्षराज्यले समुदायहरूको संलग्नताको आवश्यकतालाई पूरा गर्न निम्न कार्यको निमित्त कार्यविधि बनाउनु पर्दछ;

- समुदायहरू, समुहरू एवं तिनीहरूका प्रतिनिधिहरूको सहि पहिचान;
- समुदायहरू अथवा समुहहरूले पहिचान गरेका अमूर्त सांस्कृतिक सम्पदाहरूको मात्र विवरणसूची बनाउने कार्यको सुनिश्चितता गर्ने;
- विवरणसूची बनाउनको निमित्त समुदायहरू अथवा समुहको स्वतन्त्र एवं पूर्व सुसूचित सहमतिको प्राप्तिको सुनिश्चितता;
- समुदाय बाहिरका सदस्यहरूलाई सहभागी गराउन समुदायहरूको सहमतिको सुनिश्चितता;
- अमूर्त सांस्कृतिक सम्पदामा प्रवेश सम्बन्धी चलिआएका प्रचलनहरूको आदर;
- स्थानीय एवं क्षेत्रीय सरकारहरूको सक्रिय सहभागीता;
- आचार संहिताहरू अपनाउदा एवं अनुकरण गर्दा विश्वव्यापी राम्रा व्यवहार (प्रचलनहरू)बाट सिकिएको शिक्षालाई पनि मध्यनजर गर्ने ।

**विवरणसूचीहरू निर्माण**

बहुसंख्यक वर्तमान विवरणसूची बनाउने तरिका एवं अधिकांश पुराना विवरणसूचीहरू सन् २००३ को महासन्धिले जस्तो संरक्षणलाई ध्यान नदिइ सिर्जना गरिएका छन् । तीमध्ये केही अनुसन्धानकर्ताहरूले आफ्नो आवश्यकता पुरा गर्न बनाइएका छन् । यसको अतिरिक्त केही पुराना विवरणसूचीहरू समस्यामूलक छन् किनकी तिनीहरू औपनिवेशिक अवस्थामा अथवा राष्ट्र निर्माणको अभ्यासको एक हिस्साको रूपमा तयार भएका हुन सक्छन् ।

महासन्धिको धारा ११(ख) र १२ दुवैले एउटा देशको अमूर्त सांस्कृतिक सम्पदाको समग्रतालाई समेट्नु पर्दछ भनेर संकेत गर्दछ, किनकी तिनले पक्षराज्यको भू-भागभित्रका



फोटो © हसिम पोलट



फोटो © मङ्गोलियाको अमूर्त सांस्कृतिक सम्पदाको लागि राष्ट्रिय केन्द्र

*मेभलेभी सेमा उत्सव, टर्की*

*मेरिन ख्वूरको परम्परागत संगीत, मंगोलिया*

*फिलिपिन्समा समुदायमा आधारित अभिलेखिकरणले अमूर्त साँस्कृतिक सम्पदाको जीवन्ततामा योगदान पुऱ्याउँदै*

सन् २००३ र २००४ का बीचमा फिलिपिन्सको पश्चिमी मिन्डानाओ स्थित सुवानेन समुदायले उनीहरूको पुर्ख्यौली क्षेत्रहरूमा पाइने वनस्पतिहरू सम्बन्धी उनीहरूको मौलिक ज्ञानकाबारेमा रचनात्मक अभिलेखिकरण गर्ने काम गरे । ओखतीजन्य, कृषिजन्य, आर्थिक एवं धार्मिक प्रयोगमा आउने भएकाले उनीहरूका लागि ती वनस्पतिहरू महत्वपूर्ण छन् ।

जनसंख्याको चाप र जलवायु परिवर्तनका कारण यस क्षेत्रको वानस्पतिक विविधतामा ह्रास आइरहेको छ । वानस्पतिक विविधतामा ह्रास आउँदा वनस्पतिहरूकाबारेमा भएको ज्ञानमा समेत कमि आउछ भन्ने बुढापाकाहरूको ठम्याइ छ । युवापुस्ताहरू समाजको मूलधारमा आकर्षित हुन थालेसँग मौलिक ज्ञान अब अर्को पीढिसम्म हस्तान्तरण नहुने र अन्ततः हराएर जानसक्छ भन्ने उनीहरूको ठम्याइ थियो ।

यो मौलिक ज्ञानलाई आफैंले अभिलेखिकरण गर्न र बाहिरका विज्ञहरूले त्यसमा सहजकर्ताका रूपमा मात्रै काम गर्ने गरी उनीहरूलाई सिप प्रदान गर्नका लागि सुवानेन नेताहरूले विशिष्ट संघसंस्थाहरूसँग सहयोग खोजे । निरक्षर तर ज्ञान भएका समुदायका अग्रजाहरूले जानकारीहरू प्रदान गरे भने समुदायका साक्षर युवाहरूले अभिलेखीकरण गर्ने जिम्मेवारी आफूले लिए ।

अभिलेखिकरणबाट आएको नतीजालाई सुवानेन अनुवादसहित अंग्रेजीमा मल्टिमिडियाको प्रारूपमा एवं लोकप्रिय शैक्षिक सामाग्रीका रूपमा प्याकेज बनाइयो । समुदायको बौद्धिक सम्पत्ति अधिकारलाई प्रत्याभूति गर्न यी सामाग्रीहरूलाई औपचारिक रूपमा सरकारी प्रतिलिपि कार्यालयमा दर्ता गरिएको थियो । विद्यालय जाने बालबालिकाहरूलाई उनीहरूका संस्कृतिका बारेमा अध्यापन गर्न अहिले यी सामाग्रीहरूलाई समुदायको शैक्षिक कार्यक्रममा प्रयोग गरिन्छ; आफ्नो पुर्ख्यौली भाषाकाबारेमा पढ्न र लेख्न सिक्न चाहने प्रौढहरूका लागि पाठ्यक्रम सामाग्रीका रूपमा समेत तिनीहरूका प्रयोग गरिन्छ ।

सुवानेनहरूको अमूर्त साँस्कृतिक सम्पदाको यो अंशको जीवनन्ततामा योगदान पुऱ्याउँदै मौखिक रूपमा हस्तान्तरण गरिएको वानस्पतिक ज्ञानको जगेर्ना गर्न र यसलाई वर्तमान तथा भावी पुस्ताहरूका लागि उपलब्ध गराउन 'आफैले गरेको अभिलेखिकरण' सफल भएको छ ।



फोटो © भेल जे ग्रुमिंगुइट

*एक जना सुवाननले अभिलेखहरू राखिएको स्थलमा प्रवेश गर्नु अगाडि अदृष्य (शक्ति)सँग अनुमति माग्दै तथा नमूनाकागजपत्रहरू अभिलेखिकरणका लागि लैजान लागिएको जानकारी दिँदै*

### *अमूर्त साँस्कृतिक सम्पदाको राष्ट्रिय विस्तृत विवरणसूची निर्माण तर्फः इथियोपियाका जीवित संगीत एवं नृत्य परम्पराहरूको रेकर्ड गर्न चार-वर्षिय परियोजना*

अफ्रिकी तथा मध्यपूर्वीय प्रभावद्वारा पालितपोषित ८० भन्दा बढी भाषा एवं प्राचीन संस्कृति भएको इथियोपिया आश्चर्यजनक विविधताको भूमी हो । इथियोपियाको विशिष्ट भौगोलिक एवं राजनैतिक परिवेशबाट उत्पन्न पृथक अवस्था र लेनदेनको लामो इतिहासमा निर्मित यो विविधता उक्त देशको संस्कृति र नृत्यमा प्रशस्तमात्रामा प्रतिबिम्बित भएको पाइन्छ ।

वास्तवमा इथियोपियाको संगीत खिस्टीयन-अर्थोडस्क, जुडिओ-इथियोपियन र मुस्लिम परम्पराकासाथै अफ्रिकी पोलिफोनिक एवं वाद्यवादनयुक्त अभिव्यक्तिहरूबाट उत्पन्न भएको हो । इथियोपियन संगीतमा गायनको बढी प्रभाव रहने भएता पनि, यसमा विविधप्रकारका वाद्यवादनका सामाग्रीहरूको पनि प्रयोग गरिन्छ, यी मध्ये केही पुरानो टेस्टामेन्टको समयदेखिनै प्रसिद्ध रहँदै आएको मानिन्छ । यी मध्ये *वगाना* र *क्रार वीणा*, *मसेन्क्वो* सारंगी, *कवारो* खैंजडी र *वाशिंट* बाँसुरी सबैभन्दा व्यापक मानिन्छन् ।

इथियोपियाभर संगीत र नृत्य परम्पराको संकलन एवं विवरणसूची तयार गर्न युनेस्कोले एउटा चार-वर्षीय परियोजना शुरू गऱ्यो । इथियोपियाका अमूर्त साँस्कृतिक सम्पदाका सबै पक्षहरूलाई समेट्ने अझै विस्तृत राष्ट्रिय विवरणसूचीको संकलनका लागि पहिलो पाइलाका रूपमा परियोजनाले स्थानीय क्षमता अभिवृद्धि तथा जीवन्त अभ्यास एवं परम्पराहरूलाई डकुमेन्ट गर्ने लक्ष्य लिएको थियो ।

इथियोपियन विशेषज्ञहरूले गरेको कामको निरन्तरतालाई सुनिश्चित गर्नका लागि अंग्रेजी र अम्हारिक भाषामा विशेषरूपले बनाइएको पाठ्यक्रमको प्रयोग गर्दै आदिसअवावा विश्वविद्यालय र यारिड संगीत विद्यालयमा जातीयसंगीतशास्त्र (इथ्नोम्युजिकोलोजी)का कक्षाहरू सञ्चालनमा ल्याइएको थियो । 'आदिसअवावाको सांगीतिक परिदृष्य', राजधानीमा पाइने विविध प्रकारका इथियोपियन परम्पराहरूको सर्वेक्षणका रूपमा संगीत एवं नृत्यको विवरणसूची तयार गर्नका लागि सन् २००६ मा तालिम शुरु गरियो । त्यसपछि विद्यार्थीहरू विभिन्न इलाकाहरूमा परम्परा अभ्यासहरूको अध्ययन गर्न पहिलेदेखि नै यो क्षेत्रमा काम गरिरहेका युरोपियन विशेषज्ञहरूसँग जोडिन पुगे । कार्यक्रममा संलग्न गतिविधिहरूमा



फोटो © डेभिड स्से / युनेस्को

दक्षिणी इथोपियाका माले समुदायका माफ अनुसन्धान सञ्चालन गर्नु एवं जिंका बजारस्थित ओमो संग्रहालय र अनुसन्धान केन्द्रका कर्मचारीहरूका लागि मल्टि - ट्र्याक पोलिफोनिक रेकर्डिङका लागि उपकरणहरूको प्रयोग गर्ने सम्बन्धी तालिम सञ्चालन गर्ने लगायत थिए । देशमा रहेका धेरै सेन्टर एवं संग्राहलयहरूले आफ्ना खास आवश्यकताहरू अनुकूल हुनेगरी तालिम एवं उपकरणहरू प्राप्त गरेका छन् ।

परियोजना सम्पन्न हुँदासम्म इथियोपियालीहरूको एउटा पुस्ता अन्य विधाहरूलाई समेत समावेश गराई राष्ट्रिय अमूर्त साँस्कृतिक सम्पदाको विवरणसूची तयार गर्न एवं स्थानीय तथा राष्ट्रिय अधिकारीहरूसमक्ष अमूर्त साँस्कृतिक सम्पदाको महत्वका बारेमा चेतना अभिवृद्धि गर्नमा प्रशिक्षित भएको छ र यसरी इथियोपियाको जीवन्त सम्पदाको दीर्घकालीन संरक्षणमा प्रत्यक्षरूपमा योगदान पुऱ्याइ रहेको छ ।



फोटो © फैँस्वा जीमिएर फ्रेलान / युनेस्को

*रोगनिदानका लागि गरिने भिम्वुजा नाच, मलावी*

*बरान्क्वलाको रंगोत्सव, कोलम्बिया*

अमूर्त संस्कृतिसंग सम्बन्ध राख्दछन् । त्यसकारण विवरणसूचीहरू सम्भव भएसम्म व्यापक एवं पूर्ण हुनुपर्दछ । यद्यपि कतिपय अवस्थामा यो पूर्णत असंभव काम हो भनेर प्रमाणित हुनसक्छ । विवरणसूचीहरू कहिल्यै पनि पुरा एवं पूर्ण अध्यावधिक हुन सक्दैनन्, किनभने महासन्धिले सम्पदाको बृहद क्षेत्र समाविष्ट गरेको छ र यो पनि सत्य हो कि अमूर्त सांस्कृतिक सम्पदाहरू निरन्तर परिवर्तन एवं विकसित भइरहने प्रकृतिका हुन्छन् ।

पहिचान हुनुपर्ने एवं सूचीकृत गर्नुपर्ने अमूर्त सांस्कृतिक सम्पदाको परिमाणलाई विचार गरेर केही प्राथमिकता निर्धारण गर्न सकिन्छ । यस्तो अवस्थामा तिनीहरूको पहिचानको निमित्त महत्वपूर्ण अथवा त्यस्ता जो तिनीहरूको अमूर्त सांस्कृतिक सम्पदाका प्रतिनिधिमूलक हुन् भनेर समुदायहरू अथवा तिनको अभ्यासकर्ताहरूले मान्यता दिएका तत्वहरूको सबैभन्दा पहिले विवरणसूची बनाउनु पर्दछ । यस्ता विवरणसूचीहरूको भूमिका संरक्षणका उपायहरू हुनुपर्दछ भनेर बिर्सन हुँदैन । त्यसकारण जहाँ संभव हुन्छ, विवरणसूची बनाइएका तत्वहरूको जीवन्तता देखाउनु पर्दछ र तिनीहरू जीवित रहिरहनका लागि देखापरेका चुनौतीहरूको पनि उल्लेख गर्नुपर्दछ । उदाहरणको लागि ब्राजिल र कोलम्बियाका विवरणसूचीहरूलाई लिन सकिन्छ । भूटान, बुल्गेरिया र लिथुवानियामा विवरणसूचीमा समावेश गर्न लोपहुने खतरालाई आधारको रूपमा प्रयोग गरिएको छ ।

विवरणसूचीहरूमा जतिसंभव हुन्छ छिटो एउटा निश्चित प्रतिनिधित्वको श्रेणीमा पुग्न राज्यहरूले तुलनात्मकरूपमा संक्षिप्त जानकारी गराएर विवरणसूची बनाउने कार्यको सुरु गर्न सक्दछन् । अरूलाईभन्दा बढी ध्यान दिँदा केही तत्वहरूलाई फाइदा हुनसक्छ तर संभव भएसम्म प्रत्येक तत्वको एकै प्रकारको आकार प्रस्तुत गर्नु परामर्शीय हुन्छ र साथै उपलब्ध विस्तृत सूचना जताततै उल्लेख गर्नुभन्दा विवरणसूचीभित्रै समावेश गर्नु राम्रो हुन्छ ।

महासन्धिको धारा १२ मा उल्लेख भए अनुसार विवरणसूचीहरू अवश्य पनि निरन्तर अद्यावधिक गरिरहनु पर्दछ । अमूर्त सांस्कृतिक सम्पदाहरू निरन्तर विकास भइरहने र यसको जीवन्ततामा द्रुतगतिमा चुनौतिहरू देखा परिरहने भएकाले यो महत्वपूर्ण हुन्छ । धेरै राष्ट्रिय सूचीहरूमा पहिले नै राखिएका केही तत्वहरू अहिले अस्तित्वमा छैनन् भने अन्य प्रचलनहरूको जानकारी समावेश भएका महत्वपूर्ण तरिकाले परिवर्तन भइसकेका छन् । पक्षराज्यहरू निरन्तर अध्यावधिक गर्ने प्रकृयाको जानकारी समेत समावेश गरेर तिनीहरूको विवरणसूची सम्बद्ध जानकारी आवधिक रूपमा उपलब्ध गराउन उत्तरदायी हुन्छन् ।

फोटो © सँस्कृति मन्त्रालय, कोलम्बिया



महासन्धिले पक्षराज्यहरूलाई एक वा बढी विवरणसूचीहरूको मस्यौदा बनाउने भनेर छनौट गर्न स्पष्ट छोडिदिएको छ । तर धेरै प्रकारका विवरणसूचीहरूको सन्दर्भमा भने ती प्रत्येकको कार्यक्षेत्र एवं सीमा परिभाषित गर्न तोकिएको सीमाका बारेमा भने महासन्धि मौन छ । अमूर्त सांस्कृतिक सम्पदाका विभिन्न विधाको निमित्त विभिन्न समुदायहरू, विभिन्न क्षेत्रहरूका निमित्त अथवा संघीय राज्यहरू विभिन्न विषयका वेग्लावेग्लै सूचीहरूको बारेमा सोच्न सक्छन् । विवरणसूचीहरू बनाउन र कार्यान्वयन गर्न पक्षराज्यहरू उत्तरदायी हुन्छन् ।

विवरणसूचीहरू तयार गर्दा पक्षराज्यहरूलाई महासन्धिले दिएको अमूर्त सांस्कृतिक सम्पदाको परिभाषाको अनुकरण गर्न प्रोत्साहन गर्न सकिन्छ तर तिनीहरू यसो गर्न बाध्य हुँदैनन्, खासगरी पक्षराज्यको परिस्थिति सुहाउँदो तरिकामा विवरणसूचीहरू बनाउन सक्छन् । जे होस्, पक्षराज्यहरू कुनै तत्वलाई प्रतिनिधिमूलक सूची अथवा तत्काल संरक्षण सूचीमा सूचीकृत गर्नको लागि प्रस्ताव गर्न एवं कुनै तत्वको संरक्षण गर्न आर्थिक सहायताको लागि अनुरोध गर्दा महासन्धिको धारा २ मा उल्लेखित अमूर्त सांस्कृतिक सम्पदाको परिभाषा अनुकूल छ भनेर उनिहरूले पुष्टि गर्नुपर्दछ ।

अत्यधिक विवरणसूचीहरूले अमूर्त सांस्कृतिक सम्पदाको वर्गीकरणका पद्धति समावेश गरेका हुन्छन् । एउटा सुरू गर्ने स्थान महासन्धिको धारा २(२) मा सूचीकृत विधाहरूः अमूर्त सांस्कृतिक सम्पदाको संवाहकको रूपमा भाषा सहितका मौखिक परम्पराहरू; प्रस्तुति कलाहरू, सामाजिक प्रचलनहरू, अनुष्ठानहरू तथा चाडपर्वका उत्सवहरू; प्रकृति एवं ब्रम्हाण्डसंग सम्बन्धित ज्ञान तथा प्रचलनहरू, एवं परम्परागत शिल्पकारिता हुनसक्छन् । पहिले नै उल्लेख गरे जस्तै महासन्धिले स्पष्ट गरेको छ कि यी ज्ञानका क्षेत्रहरू व्यापक छैनन् । साथै विवरणसूचीमा सूचना व्यवस्था गर्न सहयोगी वर्गीकरणको पद्धति नै एउटा औजार हो ।

केही विवरणसूचीका पद्धतिमा केही हद्सम्म सन् २००३ को महासन्धिमा उल्लेखित ज्ञानका क्षेत्रहरूको अनुकरण गरेका छन् जस्तो केप मेर्डे, मौरिसस् र दक्षिण अफ्रिकाका विवरणसूचीहरू । अरू पक्षराज्यहरूको पद्धतिमा ठूलो विविधता छ खासगरी अफ्रिका एवं ल्याटिन अमेरिकाले तिनीहरूको आफ्नै अधिकारमा भाषालाई संवाहकको रूपमा मात्र होइन की अमूर्त सांस्कृतिक सम्पदाको रूपमा प्रस्तुत गरेका छन् । त्यस्तै अरू केहीले 'प्रस्तुति कला'को सट्टा स्पष्टतः संगीत र नृत्य उल्लेख गरेका छन् ।


फोटो © Otanazar Mat'vakubov

*तजकिस्तान र उज्वेकिस्तानमा प्रचलित शाश्मक्वम संगीत*

महासन्धिले उल्लेख गरेका एक वा बढी ज्ञानका क्षेत्रहरू अन्तर्गत राष्ट्रिय विवरणसूचीहरूमा थुप्रै तरिकाहरू सजिलैसंग मिलाएर राख्न सकिन्छ, जस्तो 'परम्परागत आयूर्वेद' एवं 'स्वदेशी ज्ञान पद्धति' लाई प्रकृतिबारेको ज्ञान अन्तर्गत वर्गीकरण गर्न सकिन्छ । 'खेलहरू' र 'सामाजिक संघसंगठनहरू' लाई 'सामाजिक प्रचलनहरू' अन्तर्गतको वर्गमा राख्न सकिन्छ । विषयवस्तुहरू जस्तो, पौराणिक शास्त्र, ठाउँका नामहरू, वस्तुहरू तथा जनावरहरूलाई 'मौखिक अभिव्यक्तिहरू' अन्तर्गत राख्न सकिन्छ । त्यस्तै, केही धार्मिक समारोहहरू एवं तीर्थयात्राहरूलाई 'धार्मिक अनुष्ठानहरू' अथवा 'चाडपर्वका उत्सवहरू' अन्तर्गत राख्न सकिन्छ । अन्य वर्गहरू जस्तो 'संस्मरणहरू एवं विश्वासहरू', 'वंशावली सम्बन्धी जानकारी', अथवा 'पाकशालीय परम्पराहरू' को महासन्धिको धारा २ मा प्रस्तुत एक वा बढी विधाहरूमा पनि तिनीहरूको स्थान रहने पाइन्छ । विश्वका विभिन्न भागमा विधा सम्बन्धी भिन्नताले समुदायहरूका अमूर्त सांस्कृतिक सम्पदाका बारेमा विभिन्न प्रकारले जोड दिएको आभास मिल्दछ । यो कुरा राज्यले उसको आफ्नो परिस्थिति अनुकूलको तरिकामा विवरणसुचीहरू बनाउनु पर्दछ भनेर महासन्धिले जोडदिएको कुरासंग पूर्णरूपले अनुकुल छ । उदाहरणको लागि अल्जेरिया र हाइटीको निश्चित धार्मिक प्रचलनहरूका लागि छुट्टा छुट्टै वर्ग छ ।

केही विवरणसूची निर्माण पद्धतिहरू अमूर्त सांस्कृतिक सम्पदाहरूमा मात्र सिमित छैनन् । उदाहरणका लागि लिथुवानियन तरिकाले अमूर्त सांस्कृतिक सम्पदाका प्रचलनहरूसंग आबद्ध अमूर्त तत्वहरू, परम्पराका संवाहकहरू, अथवा अभिलेखको अतिरिक्त प्रचलनमा नरहेका अरू थुप्रै तत्वहरूलाई समेत विवरणसूचीमा एकिकृत गरेको छ । अर्कातिर बेल्जियममा अमूर्त सांस्कृतिक सम्पदाको वर्गीकरण पद्धतिमा साइवर संस्कृतिका तत्वहरू र खुल्ला रूपमा नभएकालाई पनि वास्तविक रूपमा भएका जस्तै गरी समावेश गर्ने योजना छ ।

राज्यहरूबीच अर्को मुख्य भिन्नता के छ भने केहीले स्वदेशीय अमूर्त सांस्कृतिक सम्पदाको मात्र विवरणसूची बनाउने गरेका छन् भने अन्य केहीले जस्तो बेल्जियम र यू.एस.ए.ले आप्रवाशी समुदायहरूका संस्कृतिलाई पनि ध्यान दिएका छन् । धेरै बहुसांस्कृतिक देशहरूले धेरै


फोटो © आन्द्रु पी स्मिथ / युनेस्को

फैलिएका अभिव्यक्तिहरू एवं प्रचलनहरूको बारेमा त्यस्तो प्रतिबन्ध लगाएका छैनन् । बरू अल्पसंख्यक समूहहरूका अमूर्त सांस्कृतिक सम्पदाहरूबाट काम थाल्ने गरेका छन् ।

विवरणसूचीमा समावेश गरिने डकुमेन्टेसनको परिमाण एवं विवरणको मात्राका बारेमा पनि ठूलो भिन्नता छ । अमूर्त सांस्कृतिक सम्पदाका अत्यधिक किसिमका अभिव्यक्तिहरू देशहरूभित्र हुने भएकाले सबै अमूर्त सांस्कृतिक सम्पदाहरूका बारेमा विवरणसूचीहरूमा जानकारी उपलब्ध गराउन भौतिक एवं आर्थिक रूपले पनि संभाव्यता देखिदैन । हाल प्रयोगमा रहेका आधाजसो प्रणालीले विस्तृत डकुमेन्टेसन प्रस्तुत गरेका छन् जबकि अन्यले सूचीकृत तत्वकोबारेमा कम विस्तृत जानकारी उपलब्ध गराएका छन् । केहीले क्याटलग अथवा रजिष्टर फाराममा सूचना लिने गरेका छन्, जबकि अरूले विश्वशब्दकोष जस्तै/धेरै जानकारी भएका प्रविष्टीहरू प्रस्तुत गरेका छन् । ब्राजिलमा यस्तो प्रणाली प्रयोग गरिएको छ कि दुवै तरिकालाई समाहित गरिएको छ । त्यहाँ राष्ट्रिय स्तरका तत्वहरूलाई एउटा रजिष्टरमा समावेश गरिएको छ र अर्को तहका तत्वहरू एउटा विवरणसूचीमा समावेश गरिएका छन् । राष्ट्रिय तहमा यी दुवै क्याटोगरीमा विस्तृत डकुमेन्टेसन उपलब्ध गराइएको छ जबकी संघीयराज्यका विवरणसूचीहरू विस्तृत डकुमेन्टेसनबिना नै सिर्जना भएका छन् ।


फोटो ©युनेस्को / बेस पर्फे कोफि

जेलेद, बेनिन, नाइजेरिया र टोगोमा प्रचलित मौखिक सम्पदा

अधिकांश देशहरूमा समुदायहरू, मंञ्चनकर्ताहरूको समुह एवं परम्परागत संवाहकहरूको नीतिहरूको परम्परागत संस्कृति, सामाजिक प्रचलनहरू एवं अभिव्यक्तिहरू माथि उनीहरूको सम्पत्ति सम्बन्धी अधिकार संरक्षणको कानूनी प्रावधानहरू छैनन् । यसको मतलव जब सूचनामा सजिलै प्रवेशको व्यवस्था गर्दा संभाव्य व्यापारिक प्रयोग हुनसक्ने तर्फ सावधानी अपनाउनु आवश्यक हुन्छ । उपयुक्त कानूनी सुरक्षाबिना बाहिरियाहरूले परम्परागत आयुर्वेद, प्राकृतिक स्रोतहरू सम्बन्धी ज्ञान र संगीत एवं मौखिक परम्पराहरूको सूचनाहरूको प्रयोग तथा व्यापारिक फाइदा लिनसक्छन् । समुदायहरूले उनीहरूका सम्पदाहरूको विवरणसूची बनाउनुभन्दा पहिले तिनीहरूले स्वतन्त्र एवं पूर्व सुसूचित सहमति दिनुपर्ने भएकाले उनीहरूको अमूर्त सांस्कृतिक सम्पदातत्वहरूको बारेमा कति सूचना दिने वा नदिने भनेर प्रतिबन्ध लगाउन सक्दछन् । समुदायहरू तिनीहरूको सम्पदाको अरूलाई हुने संभाव्य महत्वका बारेमा सधै सचेत नहुन सक्छन् । त्यसकारण विवरणसूची बनाउन उत्तरदायी हुनेहरूले गोपनीयताको उल्लङघन गर्नुहुदैन एवं बाहिरियाहरूले अनुचित दुरूपयोग गर्नसक्ने परिस्थिति आउन नदिन संवेदनशील हुनुपर्दछ ।

जमैकाको मूर बजार स्थित मरून सम्पदा





फोटो © जुअन रोड्रिग अकोस्ता

*डोमिनिकन गणतन्त्रमा प्रचलित कोकोलो नृत्य एवं नाटक*

महासन्धिका अनुसार अमूर्त सांस्कृतिक सम्पदातत्व हुन कतिलामो समयदेखि प्रचलनमा रहेको वा कहिलेदेखि हस्तान्तरण हुँदै आएको भनेर न्यूनतम अवधि तोकिएको छैन । केही राज्यहरूले विवरणसूची बनाइने वस्तुको लागि यसको आवश्यकता लागु गरेको छ र यसको दायरा दुई-तीन पुस्तादेखि सात पुस्तासम्म हुनुपर्ने प्रावधान लागु गरेका छन् । कतिपय अवस्थामा कति धेरै पुस्ताहरूले एउटा परम्परालाई व्यवहारमा उतारेका थिए भनेर स्थापना गर्न कठिन हुन्छ, खासगरी त्यस्ता समुदायहरूमा जसको लिखित आकारमा परम्परागत रूपमा जानकारी विद्यमान छैन । जबकि समुदायहरू स्वयंमले उसको अमूर्त सांस्कृतिक सम्पदाको पहिचान गर्नुपर्दछ । कसैलाई एकरूपता ल्याउन बाह्य अवधि सीमा थोपर्नु महासन्धि विपरित देखिन्छ ।

बाहिरी तत्वहरूबाट अधिक प्रभावकासाथ भएको क्रमिक तिब्र विकासलाई खास ध्यान दिनुपर्दछ – तिनीहरू परम्परागत अमूर्त सांस्कृतिक सम्पदातत्वसंग जोडिएको भएतापनि तिनीहरूलाई सधै विकासको अविछिन्न घटनाक्रमको परिणामको रूपमा हेर्न नसकिने हुन्छन् । केही विवरणसूचीकरण प्रणालीले बीचमा रोकिएका पुन जीवन्त तुल्याइएका तत्वहरूलाई समावेश गरेका छैनन् भने अन्यले समुदायहरूले आफ्नो सम्पदाको रूपमा मान्यता दिई विवरणसूचीमा समावेश गरेका छन् ।

केही राज्यहरूले तिनीहरूको विवरणसूचीलाई आन्तरिक प्रशासनिक लाइनमा बाँडेकाछन् । उदाहरणका लागि भेनेजुएलाले यसका प्रत्येक नगरपालिकाहरूले सांस्कृतिक सम्पदालाई छुट्टाछुट्टै प्रस्तुत गरेको छ । संघीयराज्यहरूले तिनीहरूको विवरणसूची प्राय भू-क्षेत्र अनुसार निर्माण गरेकाछन् । वास्तवमा धेरै राज्यहरूले विवरणसूची बनाउँदा वर्गीकरण प्रारम्भिक सिद्धान्तको रूपमा प्रशासनिक विभाजनलाई प्रयोग गरेका छन् ।

कोलम्बियामा देशका प्रत्येक बत्तीस विभागहरूका लागि एउटा छुट्टै विवरणसूची छ । चीनले छपन्नवटा जातीय समुदायहरू पहिचान गरी सोही अनुरूप आफ्नो विवरणसूचीको व्यवस्थापन गरेको छ । केही देशहरू, जस्तो हाइटीले यसका लागि विभिन्न समुदायहरू तथा क्षेत्रहरूबीच छुट्याइरहनु आवश्यक ठानेन । यद्यपि शहरिकरण, बसाईसराई एवं केन्द्रीकृत नीतिहरूको कारणले परम्परागत रूपमा पृथकपृथक जातीयभाषाका अथवा परिभाषित गर्न समुदायहरूद्वारा अधिकार स्थापित गरेका क्षेत्रहरूका सीमानाहरूसंग वर्तमान प्रशासनिक विभाजन सधै मेलखाने नहुन सक्दछन् ।

### *विवरणसूची निर्माण सम्बन्धी बुल्गेरियन अनुभव*

बुल्गेरियामा राष्ट्रिय स्तरमा अमूर्त साँस्कृतिक सम्पदाको संरक्षण, विवरणसूची निर्माण एवं प्रवर्द्धनको जिम्मेवारी संस्कृति मन्त्रालय (नेशनल फोल्कलोर कमिटी) र बुल्गेरियन एकेडेमी अफ साइन्सेजको इन्स्टिच्युट अफ फोल्कलोरले लिने गर्दछन् । सन् २००१ र २००२ मा विवरणसूची निर्माण गर्ने एउटा परियोजना सञ्चालन गरिएको थियो । विद्यमान प्रशासकीय विभाजनहरू अनुसार राष्ट्रिय तथा क्षेत्रीय-स्थानीय गरी दुई तहमा विवरणसूची निर्माण गरियो र जातीय एवं धार्मिक पृष्ठभूमी अनुसार यी तत्वहरू प्रायः सँगसँगै रहने हुँदा, वर्गिकरण गरी प्रादेशिक सिद्धान्तका आधारमा संयोजन गरियो । सम्पदातत्वलाई विवरणसूचीमा समावेश गर्ने मुख्य आधार आधिकारिकता, प्रतिनिधित्व, कलात्मक महत्व, कार्यशक्ति र परम्परामा दृढतालाई मानिएको थियो । अमूर्त साँस्कृतिक सम्पदा वर्गिकरणका लागि छनौट गरिएका विधाहरूमा परम्परागत अनुष्ठान एवं भोजन, परम्परागत गायन एवं संगीतवादन, परम्परागत नृत्य एवं बालबालिकाहरूका खेलहरू, परम्परागत कथ्य, परम्परागत शिल्प एवं घरेलु वस्तु वा उपजको परम्परागत उत्पादन र परम्परागत ओखतीहरू थिए । विशेषज्ञहरूले बनाएका प्रश्नावलीहरूलाई प्रशासकीय प्रणाली एवं स्थानीय चितालिश्टे (संस्कृति एवं समुदाय केन्द्र)हरू मार्फत समुदायमा पठाइयो, संकलित डाटाहरूलाई विज्ञहरूद्वारा विश्लेषण गरी विवरणसूचीको पहिलो संस्करण तयार पारियो र सरसुझावका लागि अनलाइनमा राखियो । सरसुझावहरू र अतिरिक्त स्थलगत अनुसन्धानलाई समेटेर विवरणसूचीको अन्तिम संस्करण तयार पारी त्यसलाई छाप्ने एवं इन्टरनेटमा प्रकाशित गर्ने काम सम्पन्न गरियो । संस्कृति मन्तालय अन्तरगतको रिजनल कल्चरल पोलिसी डाइरेक्टोरेटको समन्वयमा आज चितालिश्टे सञ्जालहरूले धेरै मात्रामा अमूर्त साँस्कृतिक सम्पदाकाक्षेत्रमा ज्ञान एवं सिपको हस्तान्तरण भएको सुनिश्चित गरेको छ ।

## *विवरणसूची निर्माण सम्बन्धी ब्राजिलीयन अनुभव*

विवरणसूची निर्माण सम्बन्धी ब्राजिलीयन अनुभव सन् १९३० मा गठित इन्स्टिच्युट अफ हिस्टोरिक एण्ड आर्टिस्टिक हेरिटेज (आइफान) र चलायमान एवं अचल दुवैप्रकारका साँस्कृतिक सम्पदाको कानूनी संरक्षणका लागि टोम्बामेन्टो (Tombamento) नामक प्रशासनिक ऐनको कार्यान्वयनसम्म पुग्दछ । टोम्बामेन्टो आधिकारिकताको पश्चिमी बिचारधारामा आधारित थियो जसमा सम्बद्ध सामाजिक प्रक्रियाहरूभन्दा पनि वस्तुमा ध्यान दिई सम्पदालाई यथासंभव यसको मौलिक स्वरूपमा नै संरक्षण गर्ने लगायतका कुराहरू समावेश गरिएको हुन्छ । सन् १९७० मा प्रष्टसँग अमूर्त सम्पदाहरूलाई समेत समावेश गर्ने भनी साँस्कृतिक सम्पदाको अवधारणालाई फराकिलो पारिएसँगै जीवन्त साँस्कृतिक सम्पत्तिहरूलाई उपयुक्त उपायहरूका माध्यमबाट संरक्षण गर्नु पर्ने कुरा स्पष्ट हुन गयो र यसले अन्ततः सन् २०००मा अध्यादेशमार्फत रजिस्ट्रीको निर्माणतर्फ डोऱ्याउन पुग्यो ।

यस रजिस्ट्रीका माध्यमबाट सम्पदासँग सम्बन्धित सामुहिक एवम् व्यक्तिगत अधिकारको केही हदसम्म विचार पुऱ्याउदै अमूर्त साँस्कृतिक सम्पदा विषय-वस्तुहरूको अभिलेखिकरण एवं प्रकाशित गरियो । अमूर्त साँस्कृतिक सम्पदाको चलायमान स्वभावलाई ध्यानमा राख्दै यो रजिस्ट्रीलाई कम्तिमा पनि हरेक दसवर्षमा आवधिक समीक्षा गर्नैपर्ने प्रावधान राखिएको छ । रजिस्टर गरिएका सम्पदाहरूलाई 'ब्राजिलियन कल्चरल हेरिटेज' घोषणा गरिएको छ, जसबाट तिनीहरूले प्रबर्द्धित हुने एवं संरक्षण योजनाका लागि आर्थिक सहयोग प्राप्त गर्ने सुविधा पाउछन् । रजिस्ट्रीकै समानान्तर हुनेगरी  देशको जातीय एवं साँस्कृतिक विविधता संरक्षणका लागि अमूर्त सम्पदाका लागि राष्ट्रिय कार्यक्रमको स्थापना गरिएको थियो, जसमा साँस्कृतिक सन्दर्भ सामाग्रीहरूको राष्ट्रिय विवरणसूची समावेश गरिएको छ । यो राष्ट्रिय विवरणसूचीका लागि मूर्त र अमूर्त दुवैप्रकारका साँस्कृतिक सम्पदाहरूको पहिचान गर्ने लक्ष्यका साथ आइफानले विवरणसूची बनाउने कार्यविधि तयार गरेको थियो । अमूर्त साँस्कृतिक सम्पदाहरूलाई चारवटा वर्गमा विभाजित गरिएको छ : 'उत्सव', 'अभिव्यक्तिका प्रकारहरू', 'शिल्पकलाकारिता वा परम्परागत ज्ञान' र 'स्थान वा भौतिक स्थलहरू' । स्थानीयस्तरमा विवरणसूची तयार गर्ने क्रियाकलापहरूको सीमा तोक्ने कार्य गाउँ, जिल्ला, अञ्चल, शहरी क्षेत्र, साँस्कृतिकरूपले फरक भौगोलिक इलाका वा देशका भूभागहरूको समूह अनुरूप हुन सक्नेछ ।

विवरणसूची बनाउने कार्यविधिका तीनवटा चरणहरू हुन्छन् : १) प्रारम्भिक संकलन, २) पहिचान एवं अभिलेखिकरण, र ३) विश्लेषण । आइफानले तयार पारेका विवरणसूचीहरूले आदिवासी जनता, संरक्षित शहरी केन्द्रहरूमा बसोवास गर्ने अफ्रो-ब्राजिलियन नागरिक एवं समूहहरूका साथै बहुसाँस्कृतिक शहरी परिवेशमा बस्ने मानिसहरूको साँस्कृतिक सन्दर्भहरूमाथि जोड दिन्छन् । जोखिममा परेका साँस्कृतिक सम्पत्तिहरूमाथि विशेष ध्यान दिइएको हुन्छ ।

आइफानका अनुसार, अमूर्त साँस्कृतिक सम्पदाको विवरणसूची तयार गर्नुको एउटा महत्वपूर्ण लक्ष्य भनेको (सबै संस्कृतिहरूलाई) एकैरूपको बनाउने प्रवृत्ति भएको परिवेशमा देशको साँस्कृतिक विविधतालाई कायम राख्नु, र संरक्षण संयन्त्रहरूको कार्यन्वयनका माध्यमबाट सामाजिक समावेशीकरण र परम्परा धारकहरूको जीविकोपार्जनको अवस्था सुधार्नमा योगदान पुऱ्याउनु हो । सन् २००० देखि आइफानले देशैभरिबाट ४८ वटा साँस्कृतिक सन्दर्भहरूको विवरणसूची तयार पार्ने काम सम्पन्न गरेको छ भने थप ४७ वटाको सम्पन्न हुने क्रममा रहेका छन् । सन् २००२ देखि १६ वटा साँस्कृतिक सम्पत्तिहरूलाई दर्ता गरिएको छ भने तिनीहरूको हस्तान्तरण र निरन्तरतालाई सुनिश्चित गर्न ११ वटा कार्ययोजनाहरू कार्यन्वयन भइरहेका छन् ।



फोटो © यु जेइ-वन



फोटो © जे के बुलुसिम्बि

*कोरियन गणतन्त्रको गान्युङ् दानोज पर्व*

*युगाण्डामा केराको बोक्राबाट लुगा बनाइंदै*

### *विवरणसूची निर्माण सम्बन्धी भेनेजुएलाको अनुभव*

साँस्कृतिक सम्पदा संरक्षण एवं बचाउ सम्बन्धी भेनेजुएलाको १९९३ को कानूनले साँस्कृतिक सम्पदा इन्स्टिच्युट स्थापनाको व्यवस्था गऱ्यो (www.ipc.gob.ve) । इन्स्टिच्युटले गर्ने प्रमुख कामहरूमध्ये भेनेजुअएलाको साँस्कृतिक सम्पदाको विवरणसूची तयार गर्ने पनि एक हो । पहिलो पटक विवरणसूची तयार गर्ने क्रममा ६१० वटा साँस्कृतिक वस्तुहरूको मात्रै घोषणा गरिएको थियो, जसमध्ये ४७६ वटा वास्तुकला (औपनिवेशिक) थिए । तब इन्स्टिच्युटले यसले देशको साँस्कृतिक सम्पदाको सम्पन्नता र विविधतालाई प्रतिबिम्बित नगर्ने ठान्यो । त्यसैले इन्स्टिच्युटले सन् २००३ मा नयाँ परियोजना शुरु गर्ने निर्णय गऱ्यो जसले भेनेजुवेलाका सम्पूर्ण नगरपालिकाहरूका सबै प्रकारका साँस्कतिक सम्पदाहरूलाई प्रतिबिम्बित गर्दथ्यो । सन् २००५ मा मूर्त र अमूर्त साँस्कृतिक सम्पदाका ६८,००० अभिव्यक्तिहरू दर्ता गरिएको थियो, र परियाजनाको अन्तसम्म करिव ११०,००० अभिव्यक्तिहरूको विवरणसूची तयार गर्ने अपेक्षा गरिएको थियो ।

नयाँ विवरणसूचीले त्यस्ता साँस्कृतिक अभिव्यक्तिहरूलाई प्रतिबिम्बित गर्ने लक्ष्य राखेको थियो जुन समुदाय आफैका लागि बहुमूल्य थिए । यसरी सम्पदाको स्थापना, तिनीहरूको विशिष्ट मूल्य र सार्वजनिक नीतिहरूका माध्यमबाट जनसाधारणले तिनीहरूलाई आफ्नो हितमा प्रयोग गर्ने सम्बन्धमा कुनै विशेषज्ञद्वारा पहिले प्रयोग गरिएका सिद्धान्तहरूलाई यसले अस्वीकृत गर्दछ । नयाँ विवरणसूचीको अन्तिम लक्ष्य त ती सब क्रियाकलापहरू, अभिव्यक्तिहरू, उत्पादनहरू वा साँस्कृतिक अभिव्यक्तिहरूलाई दर्ता गर्नु थियो जसले भेनेजुवेलाका प्रत्येक समुदाय र समूहहरूको प्रतिनिधित्व एवं सामाजिक चरित्र चित्रण गर्दछन् । सामूहिक पहिचानलाई संकेत गर्ने विशिष्ट सिपहरूसहित व्यक्तिहरूको सूचीकरण गर्ने लगायत समुदाय र समूहहरूका लागि मूर्त र अमूर्त साँस्कृतिक सम्पदाको प्रतिनिधिमूलक चरित्र लाई विवरणसूचीको आधारभूत मापदण्डका रूपमा प्रयोग गरिएको थियो ।

पहिल्यैदेखि विद्यमान प्रश्नावलीहरूको प्रयोग गर्दै नगरपालिका स्तरमा सूचनाहरूको संकलन गर्ने कार्य मार्फत स्थलगत कार्य सन् २००४ मा शुरू भयो । तर तिनीहरूले न त अभ्यासमा उल्लेख गरिएभैँ प्रतिनिधिमूलक सिद्धान्तलाई नै प्रतिबिम्बित गरेका थिए न त स्मारक वा स्थलहरू बाहेक अन्य सम्पदाहरूको महत्वलाई समेट्ने सहि प्रश्नहरूनै समावेश गरेका थिए । परिणामस्वरूप यी प्रश्नावलीहरू सीमितरूपमा मात्रै प्रभावकारी रहे । त्यसैले स्थलगत कार्यसम्पन्न भैसकेपछि पनि संकलन गरिएका सूचनाहरूलाई एकैठाउँमा सङ्ग्रह तथा सम्पादन गर्दा पर्याप्त लचकताको अनुमति दिने एक प्रश्नले अर्को तर्फ डोऱ्याउने गरी नयाँ प्रश्नावलीहरू तयार गरियो । दर्ता गरिनु पर्ने साँस्कृतिक वस्तुको सामूहिक मूल्यस्थिरीकरणको प्रमाण पेश गर्नु पर्ने आवश्यकतालाई प्रतिनिधिमूलक विशेषता निर्धारण गर्नका लागि प्रयोग गरिएको मूल्यांकनको मापदण्ड मानिएको थियो । कुनै तत्वमा यो प्रमाण नभएमा त्यो अस्वीकृत हुन्थ्यो ।

सङ्कलित सूचना संस्कृतिको क्षेत्रमा कामगर्नेहरू, विद्यार्थी, स्वयंसेवक र स्थानीय शिक्षकहरूको सञ्जाल, जुन देशैभरि सबैभन्दा बढी फैलिएका सार्वजनिक सञ्जालहरूमध्ये एक हो, का माध्यमबाट सुव्यवस्थित गरिएको थियो । समुदायलाई परियोजनाको क्षेत्र र उद्देश्यहरूकाबारेमा जानकारी दिइनुका साथै उनीहरूले प्रदान गर्न चाहेका सूचनाहरूमात्रै *क्याटालोगोस डेल प्याट्रिमोनिओ कल्चर भेनेजुएलानो* (*Catálogos del Patrimonio Cultural Venezolano*) मा प्रकाशित गरिनेछ भनेर बताइयो । क्याटालोगोस २०० भन्दाबढी पुस्तकहरूको एउटा श्रृंखला हो जसले ३३५ नगरपालिकाहरूका विवरणसूचीहरूको नतिजालाई प्रस्तुत गर्दछ । प्रत्येक नगरपालिकाहरूका लागि साँस्कृतिक सम्पदालाई पाँचवटा वर्गहरू अन्तर गत पञ्जीकृत गरिएको थियोः *लस अब्जेटोस* (*los Objetos*–वस्तु), *लो कन्स्ट्रुडियो* (*lo Construido* -निर्मित सम्पदा), *ला क्रिएसिअन इन्डिभिजुअल* (*la Creación Individual*–व्यक्तिगत सृजना), *ला ट्र्याडिसिअन ओरल* (*la Tradición Oral*–मौखिक परम्परा) र *ला म्यानिफेस्टासिओनिस कोलेक्टिभास* (*las Manifestaciones Colectivas*–सामूहिक अभिव्यक्ति) ।

सूचनाहरूलाई विवरणसूचीको प्रकाशनसँग सम्बन्धित व्यवहारिक प्रयोजनका लागि प्रत्येक तत्वहरूको संक्षिप्त विवरण तयार गर्ने जिम्मा सम्पादन एवं प्रकाशन टोलीलाई लगाइएको थियो । बाँकी लिखित एवं श्रव्यदृष्य सूचनाहरूलाई इन्टरनेट र अन्य माध्यमहरूबाट जनसाधारणको पहूँचमा पुऱ्याउने उद्देश्यका साथ डिजिटल स्वरूपमा आइपीसीको केन्द्रिय डाटावेसमा समावेश गरिएको छ । आइपीसीले भेनेजुएलाका प्रत्येक प्रशासकीय क्षेत्रहरूका साँस्कृतिक सम्पदाहरू र साँस्कृतिक नक्साङ्कन परियोजनाको सीडि प्रकाशन गर्ने लक्ष्य समेत लिएको छ । विवरणसूचीलाई विकाससम्बन्धी नीतिहरूमा प्रयोग गरिने प्रमुख साँस्कृतिक एवं शैक्षिक साधनका रूपमा हेरिएको छ ।

कानूनीरूपमा, ट्राइवुनल सुप्रेमो डि जस्टिसिआ (सर्वोच्च अदालत)ले विवरणसूचीमा विधिवत रूपमा पञ्जीकृत गरिएका सबै साँस्कृतिक सम्पदाहरू साँस्कृतिक सम्पदा संरक्षण एवं प्रतिरक्षा कानून अन्तरगत संरक्षित हुने आदेश जारी गऱ्यो । विवरणसूचीमा सूचीकृत गरिएका अमूर्त साँस्कृतिक सम्पदाहरूको संरक्षणका लागि आर्थिक स्रोत बाँडफाँट गर्दा, लोपहुने खतरामा रहेका साँस्कृतिक सम्पदाहरूलाई प्राथमिकता दिइन्छ । आज, ८४,००० भन्दाबढी साँस्कृतिक अभिव्यक्तिहरूको विवरणसूची तयार पारिएको छ भने १६० भन्दाबढी क्याटालोगोस प्रकाशित गरी हरेक नगरपालिकाका प्रत्येक साँस्कृतिक, सामाजिक तथा शैक्षिक संस्थाहरूलाई निःशुल्करूपमा उपलब्ध गराइएको छ ।

महासन्धिले संभवभएसम्म पेश गर्ने पक्षराज्यका समुदायहरू एवं समुहहरूले उत्पन्न गरेका प्रतिनिधिमूलक अमूर्त सांस्कृतिक सम्पदाका विवरणसूचीहरूको लागि आग्रह गरेको छ । महत्वपूर्ण कुरा भने अमूर्त सांस्कृतिक सम्पदाको विवरणसूचीहरूमा मुख्य स्थान दिएर प्रस्तुत गरिएको तत्व एक वा बढी समुदायहरू, समुहहरू एवं कतिपय अवस्थामा व्यक्तिहरूद्वारा त्यो तत्व उनीहरूको सास्कृतिक पहिचानको अभिव्यक्ति हो भनेर मान्यता दिएको प्रारंम्भिक सिद्धान्तको आधारमा छनौट गर्नुपर्दछ । महासन्धिले विवरणसूची तयार गर्ने कार्य समुदायहरूको सहभागीतामा हुनुपर्ने आवश्यक पारेको छ ।

विवरणसूचीहरू वर्गीकरण, क्षेत्र, विस्तृतिकरणको स्तर एवं तिनको संञ्चालन, स्याहारसंभार अद्यावधिक गर्नेबारेका संयन्त्रहरू राज्यले आफ्नो परिस्थिति अनुकूल निश्चित गर्ने छन् ।



फोटो ©जोजो उनलिमियार युनेस्को

*फिलिपिन्सको लंगो लेकवासी मरानाओ समुदायमा प्रचलित दराञ्जेन महाकाव्यमा आधारित प्रस्तुति*

## अमूर्त सांस्कृतिक सम्पदातत्वको विवरणसूचीकरणको निमित्त संभाव्य रूपरेखा

### १. तत्वको पहिचान

१.१. सम्बन्धित समुदाय वा समूहले प्रयोग गर्ने तत्वको नाम;
१.२. छोटो, अधिकतम जानकारीमूलक शीर्षक (संभाव्य विधाको संकेतसहित);
१.३. सम्बन्धित समुदाय(हरू);
१.४. तत्वको भौगोलिक अवस्थिति;
१.५. छोटकरी विवरण ।

### २. तत्वका विशेषताहरू

२.१. सम्बद्ध मूर्त तत्वहरू;
२.२. सम्बद्ध अमूर्त तत्वहरू;
२.३. संलग्न भाषा(हरू), रजिष्टर्स, बोलीको स्तर(हरू);
२.४. उत्पत्ति जानकारी दिने ।

### ३. तत्वसंग संलग्न व्यक्तिहरू एवं संस्थाहरू

३.१. अभ्यासकर्ताहरू/प्रस्तुतकर्ताहरूः नाम(हरू),उमेर, लिङ्ग, सामाजिक हैसियत, पेशागत श्रेणी आदि;
३.२. अरू सहभागीहरू (जस्तै अधिकार राख्ने व्यक्तिहरू, संरक्षकहरू);
३.३. तत्व वा यस सम्बन्धी पक्षहरूमा प्रवेश; व्यवस्थापनका परम्परागत प्रचलनहरू;
३.४. हस्तान्तरणका तरिकाहरू;
३.५. सम्बन्धित संघसंस्थाहरू (गैरसरकारी संस्थाहरू एवं अन्य) ।

### ४. तत्वको अवस्था : जीवन्तता

४.१. क्रियान्वयनका चुनौतिहरू;
४.२. हस्तान्तरणका चुनौतिहरू;
४.३. सम्बद्ध मूर्त तत्वहरू एवं स्रोतहरूको उपलब्धता;
४.४. सम्बद्ध मूर्त एवं अमूर्त तत्वहरूको जीवन्तता;
४.५. यथास्थानमा संरक्षणका उपायहरू ।

### ५. डाटा संकलन एवं विवरणसूचीकरण

५.१. डाटा संकलन र विवरणसूचीकरणको लागि समुदाय/समुहको सहमति एवं संलग्नता;
५.२. विवरण सूचीकरण गरिएका डाटाको उपयोगमा प्रतिबन्धहरू, यदि भएमा;
५.३. स्रोत व्यक्ति (हरू) : नाम, एवं ओहदा अथवा संलग्नता;
५.४. डाटा संकलनको मिति र स्थान;
५.५. डाटा विवरणसूचीमा प्रवेश गराइएको मिति;
५.६. विवरणसूची दाखिला तयार गर्ने व्यक्ति ।

### ६. साहित्य, फोनोग्राफ रेकर्डको संङ्कलन (डिस्कोग्राफि), श्रव्यदृष्य सामाग्रीहरू, अभिलेख सन्दर्भहरू


फोटो ©संस्कृति मन्त्रालय, कोलम्बिया

कोलम्बियाको प्यालेन्क डि सान बसिलिओको साँस्कृतिक स्थल

छद्म भेषमा नाचिने म्याकिशी नृत्य, जाम्बिया

लकला, टोंगामा नृत्य र गायनका माध्यमबाट गरिने भाषण



फोटो ©युनेस्कोका लागि राष्ट्रिय आयोग जाम्बिया



फोटो ©पेसी एस फोनुवा




आर्थिक सहयोग

संयुक्त राष्ट्र संघीय
शैक्षिक, वैज्ञानिक तथा
सांस्कृतिक संगठन

एसिया-प्रशान्त क्षेत्रमा
अमूर्त सांस्कृतिक सम्पदाका
लागि युनेस्को संरक्षित
अन्तर्राष्ट्रिय सूचना तथा
संजाल केन्द्र







अमूर्त
साँस्कृतिक
सम्पदा

ICH

संयुक्त राष्ट्र संघीय
शैक्षिक, वैज्ञानिक तथा
सांस्कृतिक संगठन

अमूर्त
सांस्कृतिक
सम्पदा

एक पुस्ता देखि अर्को पुस्तासम्म हस्तान्तरण भई आएको अमूर्त साँस्कृतिक सम्पदा निरन्तर रूपमा समुदाय र समूहद्वारा पुनर्निर्मित हुन्छ र यसले उनीहरूलाई पहिचान र निरन्तरताको बोध गराउँछ र यसरी साँस्कृतिक विविधता र मानव सृजनाशीलताका लागि सम्मान प्रबर्द्धन गर्दछ ।

इक्वेडर र पेरुका जपरा समुदायको मौखिक एवं साँस्कृतिक प्रस्तुति फोटो © टि फर्नान्डेज